# बेष्ट फाईनान्स कम्पनी लिमिटेडको
## २१औं वार्षिक साधारण सभाको
## निर्णय (अभिलेख)

१. **सभाको वैधानिकता :**

बेष्ट फाईनान्स कम्पनी लिमिटेडको मिति २०७४/११/२१ सोमबार (०५ मार्च, २०१८) मा बसेको संचालक समितिको ४४२ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ र बेष्ट फाईनान्स कम्पनी लिमिटेडको प्रबन्धपत्र तथा नियमावली बमोजिम २१औं वार्षिक साधारणसभा २०७४ साल चैत्र १४ गते बुधवार हुने निर्णय भई मिति २०७४/११/२३ को कारोवार राष्ट्रिय दैनिकमा सार्वजनिक सूचना प्रकाशित गरेकोमा प्राविधिक कारणले गर्दा उक्त मिति परिवर्तन गर्नुपर्ने भएकोले सञ्चालक समितिको ४४४ औं बैठकको निर्णयानुसार पूर्व निर्धारित समयमा परिवर्तन गरी मिति २०७४ साल चैत्र २४ गते शनिवार (०७ अप्रिल, २०१८) मा २१ औ साधारण सभा सम्पन्न गर्ने निर्णय भएकोले मिति २०७४।१२।१३ मा अभियान आर्थिक दैनिक तथा कारोवार राष्ट्रिय दैनिकमा साधारण सभाको मिति परिवर्तन को संशोधित सूचना समेत प्रकाशित गरी पुन मिति २०७४ चैत्र २३ गतेका दिन कारोवार राष्ट्रिय दैनिकमा दोस्रो पटक सूचना समेत प्रकाशित गरी यस वित्तीय संस्थाको २१औं वार्षिक साधारण सभा यस वित्तीय संस्थाको सञ्चालक समितिका अध्यक्ष श्री पदमराज न्यौपानेज्यूको सभापतित्वमा निम्न उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल भै देहाय बमोजिम निर्णय गरियो ।

२. **सभाको मिति, समय र स्थान :**

**मिति** : २०७४ साल चैत्र २४ गते शनिबार (०७ अप्रिल, २०१८)

**समय** : बिहान ११.०० बजे

**स्थान** : काठमाण्डौ म.न.पा. वडा नं. २९ अनामनगर स्थित युनियन हाउस प्रा.लि.

३. **सभाको सूचना :**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम वित्तीय संस्थाको २१औं वार्षिक साधारणसभाको सूचना छलफल हुने बिषयहरु सहितको आर्थिक बर्ष २०७३/०७४ को बार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुलाई यस संस्थामा उपलब्ध गराईएको ठेगानामा पठाइएको थियो साथै उक्त प्रतिवेदन शेयरधनीहरुले संस्थाको केन्द्रिय कार्यालयबाट प्राप्त गर्न सकिने व्यवस्था मिलाईएको थियो । शेयरधनीहरुको सुबिधालाई ध्यानमा राखी संस्थाको वेभसाईट www.bestfinance.com.np बाट पनि जानकारी लिन सकिने व्यवस्था मिलाईएको थियो ।

४. **छलफलको विषयहरु :**

**क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने समग्र वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखा परिक्षण प्रतिवेदन सहितको आ.ब.०७३/७४ को वासलात , नाफानोक्सान हिसाब तथा नगद प्रवाहको बिवरण (संलग्न अनुसूचीहरु सहित) को छलफल गरी पारित गर्ने ।

३. आ.व. ०७४/७५को लागि लेखापरिक्षण समितिको सिफारिस अनुसार लेखा परिक्षक नियुक्ति गर्ने

तथा सोको पारिश्रमिक निर्धारण गर्ने ।

४. २०७४ जेठ १० गते सम्पन्न १६, १७, १८, १९ र २०औ बार्षिक साधारण सभाको निर्णयानुसार संस्थाको नाम तथा लोगो परिवर्तन गरेकोमा सोको अनुमोदन गर्ने ।

५. संचालक समितिकबाट रिक्त रहेको पदमा बाँकी कार्यकालका लागि गरिएको संचालकको नियुक्तीलाई अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्ताव :**

१. बेष्ट फाइनान्स कम्पनी लि.ले सिनर्जी फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा सञ्चालक समितिको बिशेष प्रस्ताव पारित गर्ने ।

२. बेष्ट फाइनान्स कम्पनी लि.ले सिनर्जी फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनको लागि मुल्याङ्कनकर्ता NBSM and Associates| Chartered Accountants ले तयार गरेको सिनर्जी फाइनान्स लिमिटेडको चल/अचल सम्पत्ति तथा दायित्व मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report)अन्य विवरण तथा सम्बद्ध व्यबस्था र सम्झौताको आधारमा संयुक्त प्राप्ति (एक्विजिसन) समितिबाट निर्धारण गरिएको सिनर्जी फाइनान्स लिमिटेडको १ कित्ता बराबर बेष्ट फाइनान्स कम्पनी लि.को १ कित्ता हुने गरी तय गरिएको शेयर अनुपात(Share Swap Ratio) लाई स्वीकृत/पारित गरी प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धी कार्यलाई अन्तिम स्वीकृति प्रदान गर्ने ।

३. बेष्ट फाइनान्स कम्पनी लि.ले सिनर्जी फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनको लागि दुबै संस्थाको चल/अचल सम्पत्ति तथा दायित्व मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) दुवै संस्थाको संयुक्त प्राप्ति समितिबाट नियुक्त (मुल्याङ्कनकर्ता) NBSM and Associates| Chartered Accountants को नियुक्ती तथा सोको पारिश्रमिक रु.२,७५,०००।०० कर बाहेक लाई अनुमोदन गर्ने ।

४. बेष्ट फाइनान्स कम्पनी लि.ले सिनर्जी फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा भएको संस्था प्राप्ति सम्बन्धि भएको समझदारीपत्र (Memorandum of Understanding) संयुक्त प्राप्ति समितिको निर्णयहरु ,अन्तिम सहमति/सम्भौतापत्र सम्झौताहरुको अनुमोदन गर्ने सम्बन्धी बिशेष प्रस्ताव पारित गर्ने ।

५.बेष्ट फाइनान्स कम्पनी लि.ले सिनर्जी फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा भएको सम्झौता बमोजिमको स्वीकृतीको लागि नियमनकारी निकायहरु (नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड,सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड) आदिमा निवेदन गर्न र प्राप्ति सँग सम्बन्धित प्रचलित कानुन निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु एंव प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृती लिने तथा सो सम्बन्धमा नियमनकारी निकायबाट आवश्यक हेरफेर गर्न निर्देशन भएमा सोहि बमोजिम लगत कट्टा, आबश्यक संसोधन/परिमार्जन लगायतका कागजातहरु तयार गर्ने

विवरण उपलब्ध गर्न गराउन लगायतका कार्य गर्न बेष्ट फाइनान्स कम्पनी लि.को सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने बिशेष प्रस्ताव पारित गर्ने ।

६. बेष्ट फाइनान्स कम्पनी लि.ले सिनर्जी फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गरिसकेपछि वित्तीय संस्थाको हाल कायम रहेको अधिकृत पूँजी रु. १००,००,००,०००/-(अक्षरेपी एक अरब मात्र) नै कायम राखी जारी तथा चुक्ता पूँजी रु. ८१,८१,६०,७५०/-(अक्षरेपी एकासि करोड एकासि लाख साठ्ठी हजार सात सय पचास मात्र) बाट बृध्दि गरी पूँजी रु. ८९,०५,२४,२३७/-(अक्षरेपी उनान्ब्बे करोड पाँच लाख चौबिस हजार दुई सय सैत्तिस मात्र) हाल सिनर्जी फाइनान्स लिमिटेडका शेयरधनीहलाई जारी गर्न गइरहेको हाल कायम शेयरको ४:१ (चार कित्ता बराबर एक कित्ता ) का दरले जारी गर्ने हकप्रद पश्चात कायम हुने जारी तथा चुक्ता पूँजी समायोजन गर्ने र सोहि बमोजिम प्रबन्धपत्र नियमावली संसोधन गर्ने ।

७. बेष्ट फाइनान्स कम्पनी लि.ले सिनर्जी फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गरिसकेपछि संस्थाको प्रबन्धपत्र तथा नियमावलिमा आवश्यक संशोधन , हेरफेर तथा उपयुक्त ब्यबस्था गर्न र संस्थालाई आबश्यक पर्ने अन्य निति नियमहरु संसोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

८. बेष्ट फाइनान्स कम्पनी लि.ले सिनर्जी फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गरिसकेपछि संस्थाको केन्द्रिय कार्यालयको ठेगाना परिवर्तन गर्ने ।

९.२०७४ जेठ १० गते सम्पन्न १६, १७, १८, १९ र २०औं बार्षिक साधारण सभाको निर्णयानुसार १:१.७५ का दरले हकप्रद शेयर जारी गरी पूँजी बृद्धिगर्ने प्रस्ताव पारित भएकोमा सोहि साधारण सभाको निर्णयानुसार अन्य बैंक तथा वित्तीय संस्थासँग गाभ्ने, गाभिने तथा प्राप्ति गर्ने सम्बन्धमा दिइएको अख्तियार अनुसार संस्था प्राप्ति गर्ने कार्य बमोजिम सिनर्जी फाइनान्स लि.लाई प्राप्ति गर्ने प्रकृया अघि बढेकोले उक्त प्रस्ताव पारित हुने क्रममा रहेकोले १:१.७५ का दरले हकप्रद शेयर जारी गर्ने निर्णय खारेज गर्ने प्रस्ताव पारित गर्ने ।

ग) विविध

५. उपस्थिति :

**५.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु**

| | | |
|---|---|---|
| १: | श्री पदमराज न्यौपाने | अध्यक्ष |
| २. | श्री मिलन थापा | सञ्चालक |
| ३. | श्री अन्जना चाकुबजी | सञ्चालक |
| ४. | श्री लक्ष्मी श्रेष्ठ | सञ्चालक |
| ५. | श्री महेश प्रसाद अधिकारी | सञ्चालक |

**५.२ <u>आमन्त्रित व्यक्तित्वहरु</u>**

| | | |
|---|---|---|
| १. | श्री राजेन्द्र थापा | कम्पनी रजिष्ट्रारको कार्यालय |



बेष्ट फाइनान्स कम्पनी लि. BEST FINANCE COMPANY LTD. BFC

३. श्री नलिना श्रेष्ठ ग्लोबल आई एम ई क्यापिटल लि.
४. श्री अरुण पौड्याल कानुनी सल्लाहकार
५. श्री थानेश्वर बस्याल वाह्य लेखा परिक्षक

**५.३ वित्तीय संस्थाका पदाधिकारीहरुको उपस्थिति**

१. प्रमुख कार्यकारी अधिकृत श्री महेश्वर पहारी
२. कम्पनी सचीव श्री उद्धव राज थपलिया
३. व्यबस्थापक श्री शालिकराम चापागाईं

**५.४ शेयरधनीहरुको उपस्थिति**

जम्मा उपस्थित संख्या : ६७ जना

**६. गणपुरक संख्या कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप )**

| विवरण | कुल संख्या | जम्मा उपस्थिति | | कुल शेयरको प्रतिनिधित्व |
|---|---|---|---|---|
| | | स्वयम | प्रोक्सिद्धारा | |
| शेयरधनी संख्या "क" "ख" समूह | १०९६ | ४८१३९९ | ३०८२५५ | ५९.७२ % |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | १३२२२८० | जम्मा ७८९६५४ | | ५९.७२ % |

**७. सभाको वैधानिकता र सभाको सभापतित्व**

७.१ कम्पनी ऐन, २०६३ तथा संस्थाको नियमावली बमोजिम २१औं वार्षिक साधारणसभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारणसभाको गणपुक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तिमा ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीको स्वयम उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम वित्तीय संस्थाको यस वार्षिक साधारणसभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ६७ भएको र कुल शेयरको ५९.७२ प्रतिशत प्रतिनिधित्व भएको हुँदा अध्यक्ष ज्यूबाट साधारणसभाको गणपुक संख्या पुगेको र प्रचलित कम्पनी कानुन अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो ।

७.२ कम्पनी ऐन २०६३ को दफा ७४ (१) र संस्थाको नियमावलीको नियम (६) को उपनियम (१) ब्रमोजिम यस सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षज्यू बाट हुने कम्पनी सचिवले जानकारी गराउदै दिनको बिहान ११.१० बजे अध्यक्ष श्री पदमराज न्यौपाने ज्यूको सभापतित्वमा संस्थाको २१औं वार्षिक साधारणसभा शुरु गर्न कम्पनी सचिवलाई सभापतिज्यूबाट निर्देशन भयो ।

७.३ सभाका सभापतिज्यूले सभा सञ्चालन गर्नु पूर्व उपस्थित सबै शेयरधनीहरुलाई स्वागत गर्नुभयो र उपस्थित सञ्चालकहरुको परिचय संगै सभाको कार्य अगाडि बढाउनु भयो ।

७.४ सभापतिज्यूको अनुमतिले प्रमुख कार्यकारी अधिकृत श्री महेश्वर पहारीले स्वागत मन्तव्य दिनुभयो । संस्थाको हालसम्मको कार्यप्रगति तथा वित्तीय अबस्था बारे जानकारी गराउदै साधारण सभामा सहभागि सवैलाई स्वागत गर्नुभयो ।

८. **प्रतिवेदनको प्रस्तुति**

८.१ सभाको प्रारम्भमा पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ.व. २०७३/०७४ को सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन साधारण सभा समक्ष राख्नुभयो ।

८.२ सभापतिज्यूले सभा समक्ष लेखापरीक्षकको लेखा परिक्षण प्रतिवेदन सहितको २०७३/०७४ को वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण, दायित्व तथा सम्पत्ति भएको हिसाब समेत छलफलको निमित्त सभा समक्ष प्रस्तुत गर्नुभयो ।

९. **छलफलको लागि आव्हान र सहभागी शेयरधनी महानुभावहरु**

९.१ साधारण सभामा निर्धारित प्रस्तावहरुको विषय सूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए अनुरुप संस्थाको आ.व. २०७३/०७४ को वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण समेतमा छलफलका लागि आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न तथा सुझाव भए जानकारी गराउन सभापतिज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नुभए पश्चात् देहायका शेयरधनी महानुभावहरु छलफलमा सहभागी हुँदै देहाय अनुसार जिज्ञासा, मन्तव्य तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

९.२ **छलफलमा सहभागी भई मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरुको नाम :**

१. श्री अमृतनाथ रेग्मी
२. श्री ब्यासकुमार शर्मा
३. श्री उध्दब प्रसाद घिमिरे
४. श्री डम्बरुबल्लभ घिमिरे
५. श्री शिव प्रसाद पौडेल
६. श्री इन्द्रकृष्ण श्रेष्ठ
७. श्री नरसिंह लाल चखुँ
८. श्री राजेन्द्र कुमार शर्मा

१०. **छलफलमा सहभागी हुनेहरुको आ-आफ्नो विचार प्रस्तुतीकरण**

छलफलको क्रममा शेयरधनीहरुले बुँदागत रुपमा देहाय बमोजिम धन्यवाद तथा सराहना, सुझाव, प्रश्न एवं मन्तव्य, विचार व्यक्त गर्नुभएको थियो ।

१ **सर्वसाधारण शेयरधनी श्री अमृतनाथ रेग्मी**

- संस्थाको साविकको नामबाट परिवर्तन गरी नयाँ नाममा कारोवार शुभारम्भ भइसकेको अबस्थामा साविक लाई भुलेर नयाँ ब्राण्ड स्थापित गर्न जोड दिनुपर्छ ।
- समस्याग्रस्त संस्थाबाट सुधार भई हालसम्म संस्थाले गरेको प्रगति उल्लेखनिय रहदारहदै पनि खराब कर्जा अनुपात ज्यादै भएकोले उक्त कर्जा असुली तर्फ बिशेष



बेष्ट फाइनान्स कम्पनी लि. BEST FINANCE COMPANY LTD. BFC

जोड दिनुपर्ने, शतप्रतिशत कर्जा नोक्सानी व्यबस्था भइसकेका कर्जाहरुलाई नियमानुसार अपलेखन गर्दै लानुपर्ने सुझाव दिन चाहन्छु ।

- संस्था प्राप्ति पछि पनि व्यवसाय विस्तार गर्न तथा विगतको उदाहरणलाई ध्यानमा राखी आन्तरिक नियन्त्रण प्रणाली चुस्त राख्ने तर्फ सचेत रहन व्यावस्थापनलाई सफलता मिलोस भनी शुभकामना व्यक्त गर्दछु ।

**२ सर्वसाधारण शेयरधनी श्री ब्यासकुमार शर्मा**

- संस्थाको वित्तीय अबस्थाको प्रगति केहि हदसम्म सन्तोषजनक रहेको तथा आगामि बर्षहरुमा अझ सुधार गरी एक सवल संस्था बन्न सकोस भन्ने शुभकामना व्यक्त गर्दछु ।
- संस्था प्राप्तिका लागि गरिएको सम्पति तथा दायित्व मुल्याङ्कन प्रतिवेदनको विश्वनियता बारे थप सजकताका साथ कार्य सम्पन्न गर्नका लागि सुझाब दिदै हकप्रद शेयरको खारेजी प्रस्तावले दुखी बनाएको तथा संस्था प्राप्ति पछिका संम्भावित नकारात्मक पक्षहरुलाई बिश्लेषण गरी अघि बढ्नुपर्नेमा जोड दिन आग्रह गर्दछु ।

**३ सर्वसाधारण शेयरधनी श्री उध्दब प्रसाद घिमिरे**

- वित्तीय विवरणहरु हेर्दा त्यति सकारात्मक नभएतापनि सुधारोन्मुख भएकोमा खुशी ब्यक्त गर्दछु ।
- समस्याग्रस्त संस्थाबाट हालसम्मको स्थितिसम्ममा संस्था सुधार भएकोमा संचालक समिति तथा व्यबस्थापनलाई बधाई तथा आगामि दिनमा तिब्र सुधारकालागि शुभकामना ब्यक्त गर्दछु ।
- संस्था प्राप्ति पछि आन्तरिक नियन्त्रण प्रणालीलाई बिशेष ध्यान दिदै शेयरधनीहरुलाई उचित प्रतिफल उपलब्ध गराउने गरी सबल संस्था बनाउनका लागि सञ्चालक समिति र ब्यवस्थापन प्रतिबध्द हुनुपर्दछ ।
- संस्थाको गैह्र बैंकिग सम्पतिको मिलाउन बाँकी लेखाङ्कन यथासम्भब चाडै मिलाउनका लागि सुझाब दिन चाहन्छु ।

**४. सर्वसाधारण तर्फका शेयरधनी श्री डम्बरु बल्लभ घिमिरेः**

- संस्था समस्याग्रस्त बाट यहाँसम्मको सफलता प्राप्त गर्न सकेकोमा संचालक समिति , आधारभुत शेयरधनी श्री राजेन्द्र कुमार शर्मा, श्री रोबिन्द प्रसाद श्रेष्ठ (गोबिन्द) लगायत नयाँ लगानीकर्ता तथा संस्थाको व्यबस्थापनलाई हृदयदेखिनै धन्यवाद भन्न चाहन्छु ।
- संस्थामा भएका विगतका कमिकमजोरी तथा गल्तीहरु बाट शिक्षा लिई सदा सजक रहनका लागि आग्रह गर्दछु । अब पुराना गल्ती पुनः संस्थामा प्रवेश नहोस ।
- संस्था प्राप्ति पछि पनि एक सवल संस्था बन्नेमा आशा व्यक्त गर्दै आगामि दिनका लागि शुभकामना व्यक्त गर्दछु ।



बेष्ट फाइनान्स कम्पनी लि. BEST FINANCE COMPANY LTD. BFC

५. **सर्वसाधारण तर्फका शेयरधनी श्री शिब प्रसाद पौडेल:**

- संस्थाको बार्षिक साधारण सभा निर्धारित समयमै सम्पन्न गरी सम्भावित जरिवानाहरुबाट बच्नका लागि व्यबस्थापन तथा संचालक समितिलाई आग्रह गर्दछु ।
- संस्थाको खराब कर्जा अनुपात ज्यादै रहेकोले उक्त अनुपातलाई घटाई निर्धारित सिमासम्म ल्याउनका लागि कर्जा असुली रणनीति सशक्त बनाउदै नयाँ लगानीमा बिशेष जोड दिनुपर्ने मेरो आग्रह छ ।

६. **सर्वसाधारण तर्फका शेयरधनी श्री इन्द्रकृष्ण श्रेष्ठ:**

- संस्था प्राप्ति पछि आउनसक्ने नकारात्मक पक्षहरु बारे सजक रहनका लागि म आग्रह गर्दछु ।
- प्राप्ति गर्ने संस्थाको बजारमा चलेको नकारात्मक हल्लाहरुका पक्षहरुबारे बिशेष चनाखोका साथ ध्यानदिनुपर्ने र आगामि बर्षहरुमा उचित प्रतिफल उपलब्ध गराउनका लागि जोडदिनु पर्दछ ।

७. **सर्वसाधारण तर्फका शेयरधनी श्री नरसिंहलाल चखुँ:**

- संस्थाको खराब कर्जा अनुपातमा सुधार तथा Assets Quality मा सुधार गर्नुपर्ने देखिन्छ ।
- कर्मचारीहरुको मनोबल उच्च रहने गरी थप क्षमता बिकास गर्दै परिचालन गर्न र संस्थाले सशक्त व्याबसायिक नीति अवलम्वन गरी अन्य कियाकलाप सञ्चालन गर्न आबश्यक छ ।

८. **संस्थापक तर्फका शेयरधनी श्री राजेन्द्र कुमार शर्मा :**

- समस्याग्रस्त संस्था सुधारका लागि अनवरत रुपमा लागि बिभिन्न उपायहरु समेतको अबलम्बनबाट हालसम्मको स्थितिमा ल्याउन सफल भएकोमा शेयरधनी लगायत सरोकारवालाहरुबाट सञ्चालक समिति तथा व्यबस्थापनलाई थप मनोबल प्रदान गर्न आबश्यक छ ।
- समस्या र चुनौतिका बिच अबसर खोज्नुपर्ने साथै सबै पक्ष मिलेर अगाडि बढेमा यो संस्था उदाहरणीय बन्ने कुरामा दुई मत नहुने र संस्थाको व्यावसायिक लक्ष्य सफल भएमा आगामि वर्षहरुमा उचित मुनाफा समेत प्राप्त गर्न सकिनेमा म बिश्वस्त छु ।

११. **छलफलका क्रममा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा, सुझाव एवं प्रश्नहरुको जवाफ :**
छलफलका क्रममा शेयरधनी महानुभावहरुबाट व्यक्त भएका सुझाव, जिज्ञासा, ब्यक्त धारणा, मन्तव्य तथा प्रश्नहरुको सन्दर्भमा सभाका सभापति श्री पदमराज न्यौपानेज्यूले साधारण सभा समक्ष दिनुभएको जवाफ निम्नानुसार छ :

- छलफलका क्रममा आफ्नो अमुल्य सल्लाह एंब सुझावका लागि हृदयदेखि आभार प्रकट गर्दै आगामि दिनहरुमा उचित र रचनात्मक सुझावहरुको कार्यान्वयनमा जोड दिदै प्राप्त मार्गदर्शनहरु संस्थाको सम्पतीकारुपमा ग्रहण गर्दछु ।
- संस्था प्राप्तिका लागि गरिएको सम्पति तथा दायित्व मुल्याङ्कन प्रतिवेदन आफ्नो व्याबसायिक मर्यादा तथा अन्य प्रचलित नियम कानुन र असल पद्धति बमोजिम मुल्याङ्कनकर्ताबाट तयार पारिएको बिश्वास गरिने हुनाले उक्त प्रतिवेदनमा शंका नर्गनका लागि अनुरोध गर्दछु ।
- खराब कर्जा अनुपात लाई निर्धारित सिमामा ल्याउनका लागि संस्थाले बिबिध औजारहरु प्रयोग गरिरहेको तथा कानुनी आधारहरुको यथार्थताको समन्वयमा कर्जा असुली प्रकृया अघि बढिरहेको हुनाले कर्जा अपलेखन भन्दा पनि असुलीलाई नै बिशेष प्राथमिकतामा राखी कार्यप्रारम्भ भएकोले उक्त असुली प्रकृयाबाट सकारात्मक नतिजा प्राप्त हुनेमा बिश्वास गरेका छौं ।
- हिजो लामो समयसम्म समस्यामा रहेको र लगानीकर्ता हरुको भविष्य समेत अन्यौलमा रहेको पृष्ठभूमिमा यस संस्थाको हालको प्रगति उन्मुख अबस्थाले उज्वल भविष्यको संकेत गरिरहेको सकारात्मक सन्देशका रुपमा लिएका छौं । यसबाट वित्त बजारमा एउटा उदाहरणीय र स्थापित वित्तीय संस्था निर्माण गर्ने हाम्रो संकल्प र प्रतिवद्धता सगैं गैर आवासीय नेपाली लगानीकर्ताहरुको लक्ष्य र चाहना समेत रहेको कुरा प्रष्ट हुन्छ ।
- आगामि साधारण सभा सम्ममा एउटा सुशासित र सबल संस्थाका लागि आबश्यक सबै सुचांकहरु सकारात्मक बनाउन प्रयत्नशिल रहनेछौ ।
- प्रतिवेदनका वारेमा व्यक्त सुझाव र सल्लाह सकारात्मक भएको र स्वस्थ सुझाववाट संस्था गतिशिल वन्ने हुनाले यस्ता सुझाव र सल्लाहको निरन्तरताको अपेक्षा सहित धन्यवाद तथा आभार प्रकट गर्दछु ।

अब प्रस्तावित प्रस्तावहरु क्रमशः सर्बसम्मतीले पारित गरि निर्णय गर्नेतर्फ अनुरोध गर्दै सबैको ध्यानाकर्षण गर्न चाहन्छु ।

१२. **सभाको निर्णयहरु**

**क) सामान्य प्रस्ताव तर्फ**

१) संचालक समितिको तर्फबाट अध्यक्षबाट प्रस्तुत आ.व. २०७३/०७४ को वार्षिक प्रतिवेदन छलफल पश्चात् पारित गर्नका लागि निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुको सर्वसम्मतिबाट पारित भयो ।

२) लेखा-परिक्षण प्रतिवेदन सहित आर्थिक वर्ष २०७३/०७४ को वासलात, नाफानोक्सान हिसाव तथा नगद प्रवाहको विवरण (संलग्न सूची) सहितमा छलफल गरी पारित गर्ने निर्णय गरियो ।

३) आ.व. २०७४/०७५ का लागि लेखा परिक्षण समितिको शिफारिस अनुसार लेखा परिक्षक श्री बस्याल एण्ड एसोसिएट्स चार्टर्ड एकाउण्टेन्टलाई नियुक्ति गर्ने र निजको पारिश्रमिक २,००,०००।०० कर बाहेक निर्धारण गर्ने निर्णय गरियो ।

४) २०७४ जेठ १० गते सम्पन्न १६, १७, १८, १९ र २०औ बार्षिक साधारण सभाको निर्णयानुसार संस्थाको नाम तथा लोगो परिवर्तन गरेकोमा सोको अनुमोदन गर्ने निर्णय गरियो ।

५) संचालक समितिबाट रिक्त रहेको पदमा बाँकी कार्यकालका लागि संस्थापक शेयरधनी श्री लक्ष्मी श्रेष्ठलाई संचालकमा गरिएको नियुक्तीलाई अनुमोदन गर्ने निर्णय गरियो साथै सभामा उपस्थित शेयरधनीहरुबाट निजलाई बधाई एंव शुभकामना समेत व्यक्त गरियो ।

**ख) विशेष प्रस्ताव तर्फ:**

१) बेष्ट फाइनान्स कम्पनी लि.ले सिनर्जी फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा सञ्चालक समितिको बिशेष प्रस्ताव सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

२) बेष्ट फाइनान्स कम्पनी लि.ले सिनर्जी फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनको लागि मुल्याङ्कनकर्ता NBSM and Associates| Chartered Accountants ले तयार गरेको सिनर्जी फाइनान्स लिमिटेडको चल/अचल सम्पत्ति तथा दायित्व मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report)अन्य विवरण तथा सम्बद्ध व्यबस्था र सम्झौताको आधारमा संयुक्त प्राप्ति (एक्विजिसन) समितिबाट निर्धारण गरिएको सिनर्जी फाइनान्स लिमिटेडको १ कित्ता बराबर बेष्ट फाइनान्स कम्पनी लि.को १ कित्ता हुने गरी तय गरिएको शेयर अनुपात(Share Swap Ratio) लाई स्वीकृत/पारित गरी प्राप्ति ( एक्विजिसन) गर्ने सम्बन्धी कार्यलाई अन्तिम स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

३) बेष्ट फाइनान्स कम्पनी लि.ले सिनर्जी फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने प्रयोजनको लागि दुबै संस्थाको चल/अचल सम्पत्ति तथा दायित्व मुल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) दुवै संस्थाको संयुक्त प्राप्ति समितिबाट नियुक्त (मुल्याङ्कनकर्ता) NBSM and Associates Chartered Accountants को नियुक्ती तथा सोको पारिश्रमिक रु.२,७५,०००।०० कर बाहेक लाई अनुमोदन गर्ने निर्णय गरियो ।

४) बेष्ट फाइनान्स कम्पनी लि.ले सिनर्जी फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा भएको संस्था प्राप्ति सम्बन्धि भएको समझदारीपत्र (Memorandum of Understanding) संयुक्त प्राप्ति समितिको निर्णयहरु ,अन्तिम सहमति/सम्भौतापत्र सम्झौताहरुको अनुमोदन गर्ने सम्बन्धी बिशेष प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

५) बेष्ट फाइनान्स कम्पनी लि.ले सिनर्जी फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गर्ने सम्बन्धमा भएको सम्झौता बमोजिमको स्वीकृतीको लागि नियमनकारी निकायहरु (नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड ,सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड) आदिमा निवेदन गर्न र प्राप्ति सँग सम्बन्धित प्रचलित कानुन, निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु एंव प्रकृयाहरु पुरा गरी अन्तिम स्वीकृती लिने तथा सो सम्बन्धमा नियमनकारी निकायबाट आवश्यक हेरफेर गर्न निर्देशन भएमा सोहि बमोजिम लगत कट्टा, आबश्यक संसोधन/परिमार्जन लगायतका कागजातहरु तयार गर्ने, विवरण उपलब्ध गर्न गराउन लगायतका कार्य गर्न बेष्ट फाइनान्स कम्पनी लि.को सञ्चालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने बिशेष प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

६) बेष्ट फाइनान्स कम्पनी लि.ले सिनर्जी फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गरिसकेपछि वित्तीय संस्थाको हाल कायम रहेको अधिकृत पूँजी रु. १००,००,००,०००/-(अक्षरेपी एक अरब मात्र) नै कायम राखी जारी तथा चुक्ता पूँजी रु. ८१,८१,६०,७५०/-(अक्षरेपी एकासि करोड एकासि लाख साठी हजार सात सय पचास मात्र) बाट बृध्दि गरी पूँजी रु. ८९,०५,२४,२३७/-(अक्षरेपी उनान्ब्बे करोड पाँच लाख चौबिस हजार दुई सय सैत्तिस मात्र) हाल सिनर्जी फाइनान्स लिमिटेडका शेयरधनीहलाई जारी गर्न गइरहेको हाल कायम शेयरको ४:१ (चार कित्ता बराबर एक कित्ता ) का दरले जारी गर्ने हकप्रद पश्चात कायम हुने जारी तथा चुक्ता पूँजी समायोजन गर्ने र सोहि बमोजिम प्रवन्धपत्र



बेष्ट फाइनान्स कम्पनी लि. BFC BEST FINANCE COMPANY LTD.

नियमावली संसोधन गर्ने निर्णय पारित गरियो साथै संस्थाको प्रवन्ध पत्रको दफा २, दफा ४, दफा ५(क) (ख) (ग) (घ) (ङ) र दफा १२ निम्नानुसार संशोधन गर्ने निर्णय पारित गरियो ।

**प्रबन्ध पत्रको दफा २**

**वित्तीय संस्थाको रजिष्टर्ड प्रधान (केन्द्रिय) र कर्पोरेट कार्यालय रहने ठेगाना :**

यस वित्तीय संस्थाको रजिष्टर्ड प्रधान कार्यालय (केन्द्रिय)काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १ कमलादीमा रहनेछ ।

**प्रबन्ध पत्रको दफा ४**

**वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कार्यहरु :**

यस वित्तीय संस्थाले उपदफा ३ को उद्देश्य प्राप्तिका लागि बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ४९ को उपदफा ३ अनुसारको अधिनमा रही, कम्पनी कानुन तथा अन्य प्रचलित कानुनहरुको अधिनमा रही संस्थाको प्रबन्ध पत्रमा भएको गरिने कार्यहरुमा थप गरी उक्त दफामा "य" पछि देहाय अनुसारको गरिने कार्यहरु थप गरिने छ ।

**(र) सुन चाँदी कर्जा सम्बन्धी कारोबार गर्ने ।**
**(ल) समाशोधन गृहको (Clearing House) सदस्य बनी सो सम्बन्धी कार्य गर्ने ।**
**(व) ATM सेवा संचालन गर्ने ।**
**(श) लकर सेवा उपलब्ध गराउने ।**
**(ष) धितोपत्र निष्काशन सम्बन्धी कार्यहरु गर्ने**
**(ह) इन्टनेट बैंकिग , एसएमएस बैंकिग तथा अन्य आधुनिक सेवा सुबिधाहरु प्रदान गर्ने ।**
**(क्ष) बैंकइन्सुरेन्स सम्बन्धि कार्य गर्ने (एजेण्ट समेत भई कार्य गर्ने )**
**(त्र) बिप्रेषण सम्बन्धि कार्य गर्ने । (एजेण्ट समेत भई कार्य गर्ने )**

**प्रवन्ध पत्रको दफा ५**

**वित्तीय संस्थाको पूंजीको संरचना :**

**वित्तीय संस्थाको पूंजीको संरचना देहाय बमोजिम हुनेछ ।**

क) वित्तीय संस्थाको अधिकृत पूंजी रु. १,००,००,००,०००/-(एक अरब रुपैयाँ ) हुनेछ । सो पूंजीलाई रु. १००/- दरले १००,००,०००थान साधारण शेयरमा विभाजन गरिएको छ ।

ख) वित्तीय संस्थाको तत्काल जारी पूँजी रु. ८९,०५,२४,२३७/- (उनान्नब्बे करोड पाँच लाख चौबिस हजार दुईसय सैत्तिस रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दर का ८९,०५,२४२ थान साधारण शेयरमा विभाजन गरिएको छ ।

ग) वित्तीय संस्थाको तत्काल चुक्ता पूँजी रु. ८९,०५,२४,२३७/-(उनान्नब्बे करोड पाँच लाख चौबिस हजार दुई सय सैत्तिस रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु.१००/- दर का ८९,०५,२४२ थान साधारण शेयरमा विभाजन गरिएको छ ।

घ) वित्तीय संस्थाले जारी पूँजीको ३८.५८ प्रतिशत सर्वसाधारणको लागि छुट्याएको छ ।

ङ) संस्थापक शेयरधनीहरुलाई समुह "क"मा बर्गिकरण गरिएकोछ । यो समुह को शेयर स्वामित्व ६१.४२ प्रतिशतको हुनेछ र यस समुहमा संस्थापकहरुले चुक्ता गरेको आधारमा शेयर स्वामित्व रहनेछ ।



बेष्ट फाइनान्स कम्पनी लि. BEST FINANCE COMPANY LTD. BFC

**प्रबन्ध पत्रको दफा १२**

हामी बेष्ट फाइनान्स कम्पनी लि.( **बेष्ट फाइनान्स कम्पनी लि. मा सिनर्जी फाइनान्स लिमिटेड गाभिए पश्चात**) का संस्थापकले यो संस्था संस्थापना गरी प्रचलित कानुन बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौ । यो प्रबन्धपत्रमा उल्लेखित हाम्रो नाम,ठेगाना, हस्ताक्षर, हामिले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठिक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा **बेष्ट फाइनान्स कम्पनी लि.ले सिनर्जी फाइनान्स लिमिटेडलाई प्राप्ति (गाभिइ) गरी एकिकृत वित्तीय कारोवार शुरु गरे** पश्चात सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौ । यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो , झुट्टा ठहरे कानुन बमोजिम सहन बुझाउन मञ्जुर छौ भनी सहिछाप गरेका छौ । यस दफामा संस्था प्राप्तिका लागि भएको अन्तिम सम्झौता बमोजिम एकै समुहका शेयरधनीहरुलाई सोहि समुहमा रहने गरी शेयर स्वाप रेसियो अनुसारको शेयर प्रदान गरी सोहि समुहमा रहने भन्ने भएकोले शुरुमा बेष्ट फाइनान्सको संस्थापक शेयरधनीको नाम उल्लेखगरी क्रमैसँग सिनर्जी फाइनान्सका संस्थापक शेयरधनीहरुको नाम उल्लेख गर्ने ।

**नियमावलीको नियम २**

**वित्तीय संस्थाको रजिष्टर्ड प्रधान (केन्द्रिय) र कर्पोरेट कार्यालय रहने ठेगाना :**

यस वित्तीय संस्थाको रजिष्टर्ड प्रधान (मुख्य)कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १ कमलादीमा रहनेछ ।

**नियमावलीको नियम ८(३)**

सञ्चालकको कार्यकाल ४ बर्षको हुनेछ र एकै व्यक्ति लगातार दुई कार्यकालका लागि मात्र सञ्चालक हुन योग्य हुनेछन ।

**नियमावलीको नियम २०(३)**

प्रमुख कार्यकारी अधिकृतको कार्यकाल ४ बर्षको हुनेछ र निज लगातार दुई कार्यकालका लागि मात्र योग्य रहनेछन ।

**नियमावलीको नियम २९**

(ख) समितिको बैठकमा उपस्थित भए वापत संचालकले पाउने बैठक भत्ता देहाय बमोजिम हुनेछ ।

अ) बैठक भत्ता रु.४०००।०० (अध्यक्षको हकमा बैठक भत्ता रु.४५००।००)

आ) परिवहन तथा खाजा भत्ता रु.५००।००

इ) मासिक पत्रपत्रिका तथा इन्टरनेट बापत रु.२०००।००

ई) वित्तीय संस्थाको कामको सिलसिलामा तथा बैठकमा उपस्थितहुन बाहिर जानु/आउनुपर्दा (नेपाल भर) संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ ।

अ) दैनिक भत्ता : रात बिताउनु पर्ने गरी आएमा/गएमा प्रति दिन रु.४०००।०० तथा रात बिताउनु नपर्ने गरी आएमा/गएमा प्रति दिन रु.२०००।००



BEST FINANCE COMPANY LTD. BFC

आ) परिवहन भत्ता तथा स्थानिय ट्याक्सी खर्च बास्तविक खर्च विलअनुसार भुक्तानी दिइने छ ।

अन्य समित तथा उपसमिति लाई समेत संचालकलाई प्रदान गरिने सरहको भत्ता प्रदान गरिने छ ।

**नियमावलीको नियम ४३**

हामी बेष्ट फाइनान्स कम्पनी लि.(**बेष्ट फाइनान्स कम्पनी लि. मा सिनर्जी फाइनान्स लिमिटेड गाभिए पश्चात**) का संस्थापकले यो संस्था संस्थापना गरी प्रचलित कानुन बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौ । यो नियमावलीमा उल्लेखित हाम्रो नाम, ठेगाना , हस्ताक्षर , हामिले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठिक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा **बेष्ट फाइनान्स कम्पनी लि. ले सिनर्जी फाइनान्स लिमिटेडलाई प्राप्ति (गाभिइ) गरी एकिकृत वित्तीय कारोवार शुरु गरे** पश्चात सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौ । यो नियमावलीमा लेखिएका कुरा साँचो हो , झुट्टा ठहरे कानुन बमोजिम सहन बुझाउन मञ्जुर छौ भनी सहिछाप गरेका छौं । यस दफामा संस्था प्राप्तिका लागि भएको अन्तिम सम्झौता बमोजिम एकै समुहका शेयरधनीहरुलाई सोहि समुहमा रहने गरी शेयर स्वाप रेसियो अनुसारको शेयर प्रदान गरी सोहि समुहमा रहने भन्ने भएकोले शुरुमा बेष्ट फाइनान्सको संस्थापक शेयरधनीको नाम उल्लेखगरी क्रमैसँग सिनर्जी फाइनान्सका संस्थापक शेयरधनीहरुको नाम उल्लेख गर्ने ।

७) बेष्ट फाइनान्स कम्पनी लि.ले सिनर्जी फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गरिसकेपछि संस्थाको प्रबन्धपत्र तथा नियमावलिमा आवश्यक संशोधन , हेरफेर तथा उपयुक्त ब्यबस्था गर्न र संस्थालाई आबश्यक पर्ने अन्य निति नियमहरु संसोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

८) बेष्ट फाइनान्स कम्पनी लि.ले सिनर्जी फाइनान्स लिमिटेडलाई प्राप्ति (एक्विजिसन) गरिसकेपछि संस्थाको केन्द्रिय कार्यालयको ठेगाना परिवर्तन गरी यस वित्तीय संस्थाको रजिष्टर्ड प्रधान तथा केन्द्रिय (मुख्य )कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १ कमलादीमा (सिनर्जीको हाल आफ्नै नाममा दर्ता कायम रहेको भवनमा) रहनेछ **भन्ने** निर्णय पारित गरियो साथै सोहि बमोजिम प्रबन्ध पत्र तथा नियमावलीमा निम्नानुसार संसोधन गर्ने निर्णय गरियो ।

**प्रबन्ध पत्रको दफा २**

**वित्तीय संस्थाको रजिष्टर्ड प्रधान (केन्द्रिय) र कर्पोरेट कार्यालय रहने ठेगाना :**

यस वित्तीय संस्थाको रजिष्टर्ड प्रधान तथा केन्द्रिय कार्यालय (मुख्य) काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १ कमलादीमा रहनेछ ।

**नियमावलीको नियम २**

**वित्तीय संस्थाको रजिष्टर्ड प्रधान (केन्द्रिय ) र कर्पोरेट कार्यालय रहने ठेगाना :**

यस वित्तीय संस्थाको रजिष्टर्ड प्रधान तथा केन्द्रिय (मुख्य )कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १ कमलादीमा ( सिनर्जीको हाल आफ्नै नाममा दर्ता कायम रहेको भवनमा ) रहनेछ ।

बेष्ट फाइनान्स कम्पनी लि. BEST FINANCE COMPANY LTD. BFC

९) २०७४ जेठ १० गते सम्पन्न १६,१७,१८,१९ र २०औं बार्षिक साधारण सभाको निर्णयानुसार १: १.७५ का दरले हकप्रद शेयर जारी गरी पूँजी बृद्धिगर्ने प्रस्ताव पारित भएकोमा सोहि साधारण सभाको निर्णयानुसार अन्य बैंक तथा वित्तीय संस्थासँग गाभ्ने,गाभिने तथा प्राप्ति गर्ने सम्बन्धमा दिइएको अख्तियार अनुसार संस्था प्राप्ति गर्ने कार्य बमोजिम सिनर्जी फाइनान्स लि.लाई प्राप्ति गर्ने प्रस्ताव पारित भएकोले उक्त साधारण सभाको निर्णयानुसारको १:१.७५ का दरले हकप्रद शेयर जारी गर्ने निर्णय खारेज गर्ने प्रस्ताव सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

ग. **बिबिध :**

बिबिध अर्न्तगत छलफल गर्नुपर्ने अन्य केहि प्रस्ताव नभएको/नआएको ।

घ. **धन्यवाद ज्ञापन** :

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि साधारण सभाका सभापति एवं वित्तीय संस्थाको संचालक समितिका अध्यक्ष श्री पदमराज न्यौपानेज्यूले सभामा सहभागी भई आफ्नो अमूल्य राय/सुझाव, सल्लाह र मन्तव्य व्यक्त गर्दै सभालाई सौहार्द्रपूर्ण वातावरणमा सम्पन्न गरिदिनु भएकोमा उपस्थित शेयरधनी महानुभावहरु प्रति आभार प्रकट गर्नुभयो साथै सधै संस्थाको प्रगतिको लागि सहयोग, सद्भाव र अमूल्य सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरु, अतिथिहरु, संचार सम्बद्ध संस्था, वित्तीय संस्थालाई सधैं उत्प्रेरणाजन्य सहयोग पुर्‍याउदै आएका नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, अन्य नियमनकारी निकायहरु प्रति विशेष आभारी रहेको धारणा राख्दै ग्राहकवर्ग तथा समस्त सरोकारवालाहरु एंब कर्मचारीवर्गप्रति हार्दिक धन्यवाद व्यक्त गर्नुभयो ।

ङ. **सभा विसर्जन :**

सभापतिज्यूले सभा सञ्चालन गर्न उपस्थित शेयरधनीहरुबाट प्राप्त सहयोगको लागि पुन:धन्यवाद ज्ञापन गर्नुका साथै सभा सफलतापूर्वक सम्पन्न भएकोमा सबैलाई बधाई ज्ञापन गर्दै दिउसो २:०० बजे सभा विसर्जन गरेको घोषणा गर्नुभयो ।

| तयार पर्ने | | प्रमाणित गर्ने |
|---|---|---|
| उद्धवराज थपलिया<br>कम्पनी सचीव | बेष्ट फाइनान्स कम्पनी लि. • BFC • BEST FINANCE COMPANY LTD. | पदमराज न्यौपाने<br>अध्यक्ष |